# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – १, संख्या –१२, माघ १४ गते, २०७४ साल**


## भाग – २

### इस्मा गाउँपालिका पदाधिकारी सेवा तथा सर्त सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना:**

नेपालको संविधान २०७२ को धारा २२७ अनुसार प्रदेश कानुन बमोजिम गाउँपालिका पदाधिकारीहरुको सेवा सर्त सम्बन्धि व्यवस्था नभएसम्मका लागि पदाधिकारीहरुलाई न्यूनतम सेवा सुविधा उपलब्ध गराउने कार्यलाई व्यवस्थित बनाउन गाउँ कार्यपालिकाबाट स्वीकृत गरी र गाउँ सभाबाट अनुमोदन हुने गरी हाललाई कार्यविधि बनाउन वाञ्छनीय भएकोले कार्यविधि वनाई लागु गरिएको छ ।

**(१)संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "इमा गाउँपालिका पदाधिकारीहरुको सेवा सर्त सम्बन्धी कार्यविधि २०७४" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “गाउँपालिका” भन्नाले इस्मा गाउँपालिका सम्झनु पर्छ ।

(ख) “सभा” भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले इस्मा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ)“अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) “उपाध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(छ) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(झ) “वडाध्यक्ष” भन्नाले इस्मा गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) “वडा सचिव” भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनुपर्छ ।

(ट) “पदाधिकारी” भन्नाले इस्मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, सभा सदस्य समेत लाई जनाउँछ । यस शब्दले गाउँपालिकाको कार्य सम्पादनको सिलसिलामा गठन गरिएका विभिन्न समिति, उपसमिति वा कार्यदलका सदस्य समेतलाई जनाउँछ ।

(३) **पदाधिकारी सेवा सुविधा सम्वन्धि व्यवस्था**

**मासिक पारिश्रमिक**

१) गाउँपालिका पदाधिकारीहरुलाइ मासिक सेवा सुविधा प्रदेश कानुनमा व्यवस्था भए अनुसार गरिने छ ।

(४) **वैठक भत्ता सम्वन्धि व्यवस्था**

१. गाउँ सभामा उपस्थित पदाधिकारीहरुले गाउँ सभा बैठकमा उपस्थित अनुसार प्रत्येकले रु.१५०० (एक हजार पाँच सय) का दरले बैठक भत्ता पाउने छ । यसमा गाउँ सभाको सचिवले समेत यस्तो बैठक भत्ता प्राप्त गर्ने छ ।

२. गाउँ सभामा सहभागी सदस्यहरुले बाटो खर्च स्वरुप प्रत्येकले एकमुष्ट रु. ५०० (पाँच सय) पाउने छ । तर भ्रर्मण खर्च नियमावली बमोजिम दैनिक भ्रमण भत्ता प्राप्त गरेको भए यस दफा बमोजिम बाटो खर्च पाउने छैन ।

३. गाउँ कार्यपालिका बैठकमा कार्यपालिका सदस्यहरुले बैठक भत्ता स्वरुप एकमुष्ट रु.१५०० (एक हजार पाँच सय) प्राप्त गर्ने छन् । (सदस्य भन्नाले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य तथा गाउँपालिका सचिव (प्रमुख प्रशासकीय अधिकृत) समेतलाई जनाउँछ)

४. गाउँपालिका अन्तर्गत कानुन सम्मत गठन भएका विभिन्न समितिको बैठकमा उपस्थित प्रत्येक सदस्यहरुले बैठक भत्ता स्वरुप रु.१००० (एक हजार) भुक्तानी दिईनेछ । यस प्रयोजनका लागि विज्ञका रुपमा आमन्त्रित विज्ञहरु र समितिको सचिव समेतलाई सदस्यको  बैठक भत्ता भुक्तानी गराईने छ ।

५. वडा समिति बैठकमा उपस्थित वडा सदस्यहरुले बैठक भत्ता स्वरुप प्रति बैठक रु रु.१००० (एक हजार) प्राप्त गर्ने छन् । वैठक भत्ता वडा सचिवले समेत प्राप्त गर्नेछ ।

६. वडा समितिको वैठक मासिक रुपमा जति पटक वसे पनि एक महिनामा तीनवटा वैठक भन्दा बढी बैठकको बैठक भत्ता भुक्तानी गरिने छैन ।

७. कर्मचारीहरुको पदपुर्ती, टेन्डर मुल्यांकन लगायतका बैठकहरुको बैठक भत्ता रु १००० (एक हजार) मात्र रहने छ ।

(५) **भ्रमण खर्च**

१. गाउँपालिकाको कामकाजमा भ्रमण गर्दा गाउँपालिका अध्यक्ष र उपाध्यक्षले दैनिक भ्रमण भत्ता बापत रु १६००।- (एक हजार छ सय) र वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा गाउँसभा सदस्यहरुले कार्यालयको कामकाजको शिलशिलामा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता बापत रु १२००।- (एक हजार दुइ सय) प्राप्त गर्नेछन ।

२. उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य र गाउँसभा सदस्यको भ्रमण आदेश अध्यक्षले स्वीकृत गर्नुपर्ने छ । अध्यक्षले आफ्नो भ्रमण आदेश आफैले स्वीकृत गर्नुपर्ने छ ।

(६) **ईन्धन तथा सवारी साधन मर्मत**

१. गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले कार्यालयको सवारी साधन प्रयोग गर्दा खपत गरेको ईन्धन वापतको रकम गाउँपालिकाले भुक्तानी गर्नेछ ।

२. वडा अध्यक्षहरुलाई मासिक रुपमा कार्यालय प्रयोजनमा सरकारी वा निजी सवारी साधन प्रयोग गरे वापत बढीमा मासिक २०००।- (दुइ हजार) रकम उपलब्ध गराइनेछ तर निजी सवारी साधन भएमा सवारी साधनको ब्लु बुक र सवारी चालक अनुमति पत्र कार्यालयमा पेश गर्नुपर्ने छ ।

३. कार्यालयको सवारी साधन प्रयोग गर्दा नियमित ममर्त सम्भार बापत प्रति महिना बढीमा रु.२०००।- (दुइ हजार) सम्म तर निजी सवारी साधन प्रयोग गर्दा सोको मर्मत खर्च बापत मासिक रु. १०००।- (एक हजार) सम्म भुक्तानी गरिने छ ।

(७) **सञ्चार सुविधा**

१. अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुलाई कार्यालयले एक एक थान पोष्टपेड सिम कार्ड उपलब्ध गराउने छ ।

२. कार्यालयले उपलब्ध गराएको सिमकार्डमा अध्यक्ष उपाध्यक्षलाई मासिक रु २०००।- (दुइ हजार) र वडा अध्यक्षहरुलाई मासिक रु १०००।- (एक हजार) सन्चार खर्च कार्यालयले भुक्तानी गर्नेछ । तर यस्तो भुक्तानी लिन सिमकार्ड प्रयोग कर्ताले नेपाल टेलिकममा नै गएर भुक्तानी गरेको हुनु पर्नेछ ।

(९) **विविध**

१. यो कार्यविधि प्रदेश कानूनले सेवा सुविधा बनाएर लागु गरेमा स्वतः निष्कृय हुनेछ ।

२. यस कार्यविधिमा लेखिएका विषयहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन कानूनमा भएको अन्यथा व्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ ।

**प्रमाणीकरण मिति : २०७४/१०/१७**

**आज्ञाले,**
**सरोज कुमार पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**